स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

हेलम्बु, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

स्थानीय सरकार
हेलम्बु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हेलम्बु, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

प.सं: २०७९/८०

च.नं.: 2962

मिति: २०८०/०३/२८

विषयः सामाजिक सुरक्षा परिचयपत्र नवीकरण सम्बन्धी सूचना।

श्री वडा कार्यालयहरु (सबै)

हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोक।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली २०७६, र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को नियम ४ अनुसार सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीले प्रत्येक आ.व. को पहिलो त्रैमासिक भत्ता निकासा हुनु अगावै परिचयपत्र नवीकरण गरिसक्नु पर्ने हुदाँ यस गाउपालिकाको ७ वटै वडाहरुमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले सम्बन्धित वडा कार्यालयमा उपस्थित भै तोकिएको ढाँचामा निवेदन दिई **२०८० श्रावण मसान्त** भित्र अनिवार्य रुपमा वडा भित्रका सामाजिक सुरक्षा परिचयपत्र नविकरण गराउन हुन सुचित गरिन्छ। **साथै उक्त बमोजिमको म्याद भित्र नवीकरण नभई सामाजिक सुरक्षा भत्ता रोकिन गएमा सम्बन्धित वडा कार्यालय जवाफदेही हुनेछ।** आफैं उपस्थित हुन नसक्ने व्यक्तिको हकमा निजको आमा, बाबु, संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछन् ।

सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न आउँदा ल्याउनुपर्ने आवश्यक कागजातहरु:

- २ प्रति फोटो, नागरिकता प्रमाण पत्रको प्रतिलिपि र सक्कलै सामाजिक सुरक्षा परिचयपत्र/परिचयपत्र नम्बर,
- बालबालिकाको हकमा जन्मदर्ताको प्रतिलिपि, संरक्षक बाबु वा आमाको नागरिकताको प्रतिलिपि,
- अपाङ्गता भएको व्यक्तिको हकमा गाउँपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि तथा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- असहाय एकल/विधवा महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको वडाको प्रमाणित सिफारिस,

पुनश्च :

- ➢ सामाजिक सुरक्षा निवेदनको ढाँचा यसै सूचनासाथ संलग्न छ।
- ➢ सामाजिक सुरक्षा परिचयपत्र नविकरण वडाबाटै सिस्टममा गर्नुपर्नेछ ।
- ➢ सिस्टमबाट नविकरण गर्दा निवेदन दर्ता नं. र निवेदन दर्ता मिति अनिवार्य राख्नुपर्नेछ।

०८०/३/२८

राजुभाइ श्रेष्ठ
बरिष्ठ शाखा अधिकृत

राजुभाइ श्रेष्ठ
वरिष्ठ शाखा अधिकृत

स्थानीय सरकार
हेलम्बु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हेलम्बु, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

अनुसूची २

(दफा ४ को उपदफा (१)सँग सम्बन्धित)

**परिचयपत्र नवीकरणका लागि दिने निवेदनको ढाँचा**

मितिः ....।..।...

**विषयः परिचयपत्र नवीकरण सम्बन्धमा।**

श्री अध्यक्षज्यू,
................................गाउँपालिका / नगरपालिका
वडा नं. ...............
जिल्ला..................
प्रदेश..................

प्रस्तुत विषयमा चालु आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नका लागि परिचयपत्र नवीकरण गरिदिनु हुन देहायको विवरण सहित निवेदन पेश गरेको छु।

म सरकारी वा सार्वजनिक पदमा नियुक्ति, निर्वाचित, मनोनित भएको व्यक्ति होइन र मैले नेपाल सरकार ,प्रदेश सरकार र स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्वमा भएको संगठित संस्थाबाट नियमित रुपले पारिश्रमिक, निवृतभरण, अवकाश सुविधा वा अन्य सुविधा पाएको छैन। व्यहोरा ठीक साँचो हो, झुठ्ठा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला।

६० वर्ष भन्दा मूनिका विधवा महिला लाभग्राहीको हकमा अर्को विवाह नभएको र सामाजिक सुरक्षा भत्ता पाउन कुनै कानूनले अयोग्य नभएको व्यहोरा प्रमाणित भएको हुनुपर्नेछ।

लाभग्राहीको विवरणः

| | |
|---|---|
| नाम थरः- | लिङ्गः- |
| लक्षित समूहः- | सामाजिक सुरक्षा परिचयपत्र नंः- |
| राष्ट्रिय परिचयपत्र नं.:- | सम्पर्क मोबाइल नंः- |
| दस्तखतः- | मितिः- |

स्थानीय सरकार
हेलम्बु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हेलम्बु, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

**<u>संरक्षक/माथवर/स्याहारसुसार गर्ने व्यक्तिको विवरण (बालबालिका वा आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा)</u>**

यस निवेदनमा भएको लाभग्राहीको दस्तखत/सहिछाप मेरो रोहवरमा भएको ठिक साँचो हो। यसमा भएको दस्तखत वा मितिमा फरक परेमा कानून बमोजिम सहुँला बुझाउँला भनी सहिछाप गर्ने इच्छाएको व्यक्तिको:-

| | |
|---|---|
| नाम थरः-................................ | दस्तखतः-............. |
| भत्ता प्राप्त गर्ने व्यक्तिसँगको नाताः | सम्पर्क मोबाईल नं.:- |
| राष्ट्रिय परिचयपत्र नं.:- | नागरीकता प्रमाणपत्र नं. :- |
| | जारी भएको जिल्ला र मितिः- |

**<u>कार्यालय प्रयोजनको लागि</u>**

दर्ता नं.:-

रुजु गर्ने कर्मचारीको:

| | |
|---|---|
| नाम थरः | दस्तखतः |
| पदः | मितिः |